नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७, १७९)
फ्याक्स : ४४१४५५२
E-mail : bfr_refinance@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./पुनरकर्जा/०३/०७९/८०

**मिति : २०८०/०२/०९**

# सूचना

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु एवम् पूर्वाधार विकास बैंक ।**

महाशय,

यस बैंकबाट उपलब्ध गराइने पुनरकर्जा सुविधासंग सम्बन्धित "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (पाचौं संशोधन सहित)" मा छैटौं संशोधन गरी संलग्न बमोजिमको **"नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (छैटौं संशोधन सहित)"** जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सूचित गरिन्छ ।

भवदीय,

कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंक
# पुनरकर्जा कार्यविधि, २०७७

(छैटौं संशोधन सहित)

**नेपाल राष्ट्र बैंक**

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| **परिच्छेद-१** | | |
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| **परिच्छेद-२** | | |
| ३. | पुनरकर्जा सुविधाको स्रोत | १ |
| ४. | पुनरकर्जा सुविधाको जोखिम व्यहोर्ने कोषको अन्य स्रोत | २ |
| ५. | पुनरकर्जा सुविधाको क्षेत्रगत वर्गीकरण | २ |
| ६. | पुनरकर्जा सुविधाको ब्याजदर | २ |
| ७. | पुनरकर्जा सुविधाको अवधि | ३ |
| ८. | पुनरकर्जा सुविधाको सीमा | ३ |
| ९. | पुनरकर्जा सुविधा उपलब्ध गराउने अवस्था | ३ |
| **परिच्छेद-३** | | |
| १०. | पुनरकर्जा सुविधाका लागि निवेदन दिन योग्य इजाजतपत्रप्राप्त संस्था | ३ |
| ११. | पुनरकर्जा सुविधाका लागि निवेदन दिन योग्य ऋणीहरू | ४ |
| **परिच्छेद-४** | | |
| १२. | एकमुष्ट पुनरकर्जा सुविधा प्रदान गर्ने प्रक्रिया | ४ |
| १३. | ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सुविधा सम्बन्धी व्यवस्था | ६ |
| **परिच्छेद-५** | | |
| १४. | पुनरकर्जा अनुगमन तथा निरीक्षण | ७ |
| **परिच्छेद-६** | | |
| १५. | इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी | ८ |
| **परिच्छेद-७** | | |
| १६. | पुनरकर्जा सुविधा सम्बन्धी अन्य व्यवस्थाहरू | ९ |
| **परिच्छेद-८** | | |
| १७. | दण्ड तथा जरिवाना | ९ |
| १८. | बाधा अड्काउ फुकाउ | १० |
| १९. | बचाउ | १० |
| | अनुसूचीहरू १ - ५ सम्म | ११-२३ |

# नेपाल राष्ट्र बैंक
# पुनरकर्जा कार्यविधि, २०७७ (छैटौं संशोधन सहित)

अर्थतन्त्रमा उत्पन्न असहज अवस्थामा पुनरकर्जाको माध्यमबाट कृषि/उत्पादन लगायतका उत्पादनशील क्षेत्र, लघु, घरेलु तथा साना उद्योग र निर्यातजन्य उद्योगको पुनरुत्थान तथा प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (छैटौं संशोधन सहित)" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ। *

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(१) **'बैंक'** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।

(२) '**सञ्चालक समिति**' भन्नाले नेपाल राष्ट्र बैंकको सञ्चालक समिति सम्झनुपर्छ।

(३) **'पुनरकर्जा'** भन्नाले इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जाको सुरक्षणमा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइने कर्जा सम्झनुपर्छ।

(४) **'असल कर्जा'** भन्नाले नेपाल राष्ट्र बैंकबाट जारी भएको कर्जा वर्गीकरणसम्बन्धी निर्देशनबमोजिमको असल कर्जा सम्झनुपर्छ।

(५) **'उद्योग तथा व्यवसाय'** भन्नाले यस कार्यविधिको बुँदा नं. ५ मा उल्लेखित बुँदा नं. ११ अनुसार योग्यता पुगेका फर्म वा कम्पनी सम्झनुपर्छ।

(६) **'विभाग'** भन्नाले बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग सम्झनुपर्छ।

## परिच्छेद-२
## पुनरकर्जाको वर्गीकरण, ब्याजदर, अवधि तथा सीमा

३. **पुनरकर्जा सुविधाको स्रोत :**

पुनरकर्जा प्रयोजन समेतको लागि छुट्याइएको 'विकास कोष' लगायत यस कार्यविधिको बुँदा नं. ४ अनुसारका अन्य स्रोतबाट प्राप्त रकमलाई पुनरकर्जा सुविधाको जोखिम व्यहोर्ने कोषको रूपमा उपयोग गरिनेछ।

* नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१२/२८ मा बसेको ४६/२०७९ औं बैठकबाट स्वीकृत भएको।

## ४. पुनरकर्जा सुविधाको जोखिम व्यहोर्ने कोषको अन्य स्रोत :

पुनरकर्जा सुविधाको जोखिम व्यहोर्ने कोषको अन्य स्रोतको रुपमा देहायका रकमहरू रहनेछन् ।

(१) सञ्चालक समितिले तोकेका बैंकका अन्य कोषको रकम,

(२) दातृ निकायबाट प्राप्त भई नेपाल सरकारबाट स्वीकृति प्रदान भएका रकम,

(३) नेपाल सरकारले प्रदान गरेको रकम ।

## ५. पुनरकर्जा सुविधाको क्षेत्रगत वर्गीकरणः

**(१) बैंकबाट प्रदान गरिने पुनरकर्जा सुविधालाई देहायबमोजिम वर्गीकरण गरिएको छ ।**

(क) **लघु, घरेलु तथा साना उद्योग पुनरकर्जा**

औद्योगिक व्यवसाय ऐन २०७६ को दफा १७ को उपदफा १ को खण्ड (क), (ख) र (ग) सँग सम्बन्धित उद्योगहरूका लागि प्रवाह भएको पुनरकर्जालाई लघु, घरेलु तथा साना उद्योग पुनरकर्जा मानिनेछ ।

(ख) **कृषि तथा उत्पादनशील क्षेत्र पुनरकर्जा**

कृषि तथा वनजन्य उत्पादन वा कृषि तथा वनजन्य उत्पादनलाई प्राथमिक कच्चा पदार्थको रुपमा प्रयोग गरी प्रशोधन, भण्डारण तथा मालवस्तु उत्पादन गर्ने अनुसूची ४ को खण्ड (क) बमोजिमका उद्योग र सोहि अनुसूचीको खण्ड (ख) बमोजिमका सेवा तथा व्यवसायहरूका लागि प्रवाह भएको पुनरकर्जालाई कृषि तथा उत्पादनशील क्षेत्र पुनरकर्जा मानिनेछ ।

(ग) **निर्यात पुनरकर्जा**

स्थानीय श्रम, सीप तथा कच्चा पदार्थ उपयोग गर्दै विदेश निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने निर्यातमुलक उद्योगहरूका लागि प्रवाह भएको पुनरकर्जालाई निर्यात पुनरकर्जा मानिनेछ ।

(घ) **प्राकृतिक प्रकोप/महामारी प्रभावित उद्योग व्यवसाय पुनरुत्थान पुनरकर्जा**

भुकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोप तथा रोगजन्य महामारीबाट प्रभावित क्षेत्रका तोकिएका उद्योग, व्यवसाय र पेशाका लागि प्रवाह हुने पुनरकर्जा यस अन्तर्गत समावेश हुनेछन् ।

**(ङ) विशेष पुनरकर्जा**

**क्षेत्रगत आर्थिक वृद्धिदर लगातार दुई (२) त्रयमासमा ऋणात्मक रही क्षेत्रगत मन्दी देखिएका क्षेत्रमा प्रवाह भएको पुनरकर्जालाई विशेष पुनरकर्जा मानिनेछ ।**

(२) उपबुँदा नं. १ अनुसारका पुनरकर्जालाई बैंकले एकमुष्ट रुपमा वा ग्राहक ऋणी अनुसार उपलब्ध गराउनेछ ।

## ६. पुनरकर्जा सुविधाको ब्याजदरः

यस बैंकले इजाजतपत्रप्राप्त संस्थाहरूलाई प्रचलित बैंकदर भन्दा ३ प्रतिशत कम व्याजदरमा पुनरकर्जा रकम उपलब्ध गराउनेछ । एकमुष्ट रुपमा प्रदान गरिने पुनरकर्जाको हकमा यस बैंकले लिने व्याजदरमा बढीमा २

प्रतिशत बिन्दु थप गरेर सम्बन्धित ईजाजतपत्रप्राप्त संस्थाले ऋणीहरूसँग व्याज लिन सक्नेछन् भने ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जाको हकमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाहरूले ऋणीहरूसँग प्रचलित बैंकदर भन्दा बढी व्याज लिन पाउने छैनन् ।

७. **पुनरकर्जा सुविधाको अवधिः**

पुनरकर्जा सुविधाको अवधि बढीमा एक वर्षको हुनेछ र यस्तो कर्जा नवीकरण हुने छैन ।

८. **पुनरकर्जा सुविधाको सीमाः**

(१) बैंकबाट आवेदन आह्वान गरी इजाजतपत्रप्राप्त संस्थालाई एकमुष्ट प्रदान हुने पुनरकर्जाको प्रति ग्राहक सीमा अधिकतम रु. १ करोड हुनेछ ।

(२) बैंकले ग्राहक अनुसार मूल्याङ्कन गरी उपलब्ध गराउने पुनरकर्जाको प्रति ग्राहक अधिकतम सीमा रु. १० करोड हुनेछ ।

९. **पुनरकर्जा सुविधा उपलब्ध गराउने अवस्था :**

पुनरकर्जा सुविधालाई मौद्रिक नीतिको गैर परम्परागत उपकरणको रुपमा मात्र प्रयोग गरिनेछ । अर्थतन्त्रको समग्र अवस्था, प्राकृतिक प्रकोप, महामारी लगायत अन्य आन्तरिक तथा बाह्य कारणले अर्थतन्त्रमा उत्पन्न प्रतिकूल परिस्थिति, बैंकिङ्ग प्रणालीमा रहेको तरलताको स्थिति एवम् निजी क्षेत्रमा प्रवाह भएको कर्जाको प्रवृत्ति जस्ता अर्थतन्त्रका समष्टिगत परिसूचकको विश्लेषण पश्चात् आर्थिक गतिविधि विस्तारमा सहजीकरण गर्नुपर्ने अवस्थामा बुँदा नम्बर ५ मा उल्लिखित सबै क्षेत्र वा कुनै खास क्षेत्रका उद्योग व्यवसायको पुनरुत्थान तथा प्रवर्द्धन गर्न विभिन्न समय अन्तरालमा वा अलग अलग किस्तामा उपलब्ध गराउने गरी बैंकले पुनरकर्जा सुविधा उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद-३
## पुनरकर्जा सुविधाका लागि आवश्यक योग्यता

१०. **पुनरकर्जा सुविधाका लागि निवेदन दिन योग्य इजाजतपत्रप्राप्त संस्था :**

**यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका संस्थाहरू र पूर्वाधार विकास बैंक** पुनरकर्जा सुविधाका लागि निवेदन पेश गर्न योग्य हुनेछन् । तर, देहाय बमोजिमका इजाजतपत्रप्राप्त संस्थाहरू पुनरकर्जा सुविधाका लागि निवेदन दिन योग्य मानिने छैनन् ।

(१) बैंकबाट समस्याग्रस्त घोषणा भएका,

(२) समस्याग्रस्तबाट मुक्त भएको एक वर्ष पुरा नभएको एवम् समस्याग्रस्तबाट मुक्त भई तोकिएको न्यूनतम पुँजीकोष तथा चुक्ता पुँजी पुरा नगरेका,

(३) बैंकले समय समयमा पुनरकर्जा सुविधा नपाउने गरी तोकेका, र

(४) यस कार्यविधिको वुँदा नं. १७ वमोजिम दण्ड तथा जरिवाना भुक्तान गरेको ६ महिना पुरा नभएका ।

## ११. पुनरकर्जा सुविधाका लागि निवेदन दिन योग्य ऋणीहरूः

बैंक तथा वित्तीय संस्थाहरूबाट अधिकतम रु. ५ करोडसम्म बक्यौता कर्जा उपयोग गरिरहेका बुँदा नं. ५ बमोजिमका उद्योग तथा व्यवसायहरू मात्र एकमुष्ट पुनरकर्जा सुविधाका लागि योग्य मानिनेछन् ।

रु. ५ करोड भन्दा बढी बक्यौता कर्जा उपयोग गरिरहेका बुँदा नं. ५ बमोजिमका उद्योग तथा व्यवसायहरू ग्राहक ऋणीअनुसार प्रदान गरिने पुनरकर्जा सुविधाका लागि योग्य मानिनेछन् ।

तर, देहायका कर्जा पुनरकर्जा सुविधाका लागि योग्य मानिने छैनन् :

(१) कुनै उद्योगका लागि नभई व्यक्तिगत प्रयोजनका लागि प्रवाह भएको ओभरड्राफ्ट कर्जा, घरजग्गा कर्जा, सवारी कर्जा, घरायसी सामग्री कर्जा, मार्जिन कर्जा, सुनचाँदी कर्जा, सामाजिक कर्जा लगायतका व्यक्तिगत नाममा वा व्यक्तिगत प्रयोजनका लागि प्रदान गरिएका कर्जाहरू,

(२) पछिल्लो दुई आर्थिक वर्षको औसत Return on Equity तीन प्रतिशत भन्दा माथि रहेका उद्योग तथा व्यवसायमा प्रवाहित कर्जाहरू,

(३) पुनरकर्जा सुविधा, सहुलियतपूर्ण कर्जा, व्यावसायिक निरन्तरता कर्जा तथा सरकारबाट प्रदान भएका अन्य सहुलियतपूर्ण कर्जा उपयोग गरेको ५ वर्ष नपुगेका कर्जाहरू,

(४) व्यापार (Trading) तथा आयातजन्य व्यवसायलाई प्रवाहित कर्जाहरू,

(५) बुँदा नं. ५ मा उल्लेख भएका बाहेक अन्य ऋणीलाई प्रवाहित कर्जाहरू ।

# परिच्छेद-४
# पुनरकर्जा सुविधा प्रदान गर्ने प्रक्रिया

## १२. एकमुष्ट पुनरकर्जा सुविधा प्रदान गर्ने प्रक्रियाः

बैंकले इजाजतपत्रप्राप्त संस्थासंग असल कर्जाको सुरक्षण लिई देहायबमोजिमको प्रक्रियाबाट पुनरकर्जा सुविधा प्रदान गर्नेछ ।

(१) एकमुष्ट रूपमा प्रदान गरिने पुनरकर्जा सुविधाको लागि बैंकले इजाजतपत्रप्राप्त संस्थाहरूबाट आवेदन आह्वान गर्नेछ । यस्तो आवेदन आह्वान गर्दा बैंकले आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले ऋणीहरूबाट देहाय अनुसारका कागजात तथा विवरण संकलन गर्नुपर्नेछ :-

(क) पुनरकर्जा सुविधाको लागि पेश गरेको निवेदन,

(ख) सम्वन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग वा व्यवसायको लेखापरीक्षण गरिएको पछिल्लो दुई आर्थिक वर्षको वित्तीय विवरण,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ता वा कर विवरण दाखिला प्रमाणपत्र,

(ङ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको र बैकिङ्ग कसुरअन्तर्गत कारबाहीमा नपरेको स्वघोषणा,

(च) सबै इजाजतपत्रप्राप्त संस्थाहरूबाट गरी कुल रु. ५ करोडभन्दा बढी कर्जा बक्यौता नभएको स्वघोषणा,

(छ) अन्य इजाजतपत्रप्राप्त संस्था मार्फत पुनरकर्जा सुविधा उपयोग नगरेको स्वघोषणा,

(ज) पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, व्यावसायिक निरन्तरता कर्जा तथा सरकारबाट प्रदान भएका अन्य सहुलियतपूर्ण कर्जा प्राप्त नगरेको वा प्राप्त गरेको भए ५ वर्ष पुगेको सम्बन्धमा स्वघोषणा ।

(३) सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सञ्चालक समितिबाट पुनरकर्जा सुविधा माग गर्ने विषयमा निकासा लिनुपर्नेछ ।

(४) इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक प्रदेशबाट कम्तीमा १० प्रतिशत ग्राहकको निवेदन पर्नेगरी अनुसूची-१ (क) को ढाँचामा उक्त आह्वानमा तोकिएको समयावधि भित्रमा निवेदन पेश गर्नुपर्नेछ । साथै, निवेदन पेश गर्दा इजाजतपत्रप्राप्त संस्थाले हाल उपयोग गरिरहेको पुनरकर्जा सुविधाको विवरण अनुसूची-३ (क) र (ख) बमोजिम स्पष्टरुपमा किटान गर्नुपर्ने छ ।

(५) इजाजतपत्रप्राप्त संस्थाले बैंकमा निवेदन पेश गर्नुपूर्व देहाय बमोजिमको कागजात तथा प्रक्रिया पुरा भए नभएको यकिन गर्नुपर्नेछ :-

(क) ग्राहक ऋणीले उपबुँदा २ अनुसारका कागजात तथा विवरण पेश भए/नभएको,

(ख) ग्राहक ऋणीको उद्योग तथा व्यवसायले अर्थतन्त्रमा पुऱ्याएको योगदान औचित्यपूर्ण रहे/नरहेको,

(ग) ग्राहक ऋणीको उद्योग तथा व्यवसायको वित्तीय अवस्थानुसार पुनरकर्जाको ब्याजदरबाट प्राप्त हुने सहुलियत प्रदान गर्न उचित भए/नभएको ।

(६) एकमुष्ट पुनरकर्जा सुविधाको लागि निवेदन पेश गर्न तोकिएको म्याद समाप्त भएको एक महिनाभित्र बैंकले पुनरकर्जा सम्बन्धी निर्णय गर्नेछ । बैंकले पूर्ण वा आंशिक रूपमा पुनरकर्जा स्वीकृत गर्न सक्नेछ ।

(७) स्वीकृत पुनरकर्जा रकम भुक्तानी हुनुअघि इजाजतपत्रप्राप्त संस्थाको अख्तियार प्राप्त अधिकारीले आवश्यक कागजात सहित तमसुक (अनुसूची-२ (क)) लगायतका सम्बन्धित कागजातमा हस्ताक्षर गर्नुपर्नेछ । यस्तो अख्तियारी इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कर्जा अधिकृत वा सो भन्दा माथिल्लो स्तरको कर्मचारीलाई प्रदान भएको हुनुपर्नेछ ।

(८) तमसुकको प्रक्रिया सम्पन्न भई इजाजतपत्रप्राप्त संस्थाले भुक्तानी प्राप्त गरे पश्चात सम्बन्धित ग्राहकलाई पुनरकर्जा बापत प्रदान गर्नुपर्ने ब्याजदर सुविधा पुनरकर्जा अवधिभर प्रदान गर्नुपर्नेछ ।

१३. **ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सुविधा सम्बन्धी व्यवस्थाः**

बैंकले इजाजतपत्रप्राप्त संस्थासंग असल कर्जाको सुरक्षण लिई देहायबमोजिमको प्रक्रियाबाट पुनरकर्जा सुविधा प्रदान गर्नेछ ।

(१) बैंकले ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सुविधाका लागि सम्बधित ऋणीहरूलाई इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था मार्फत आवेदन आह्वान गर्नेछ । यस्तो आवेदन आह्वान गर्दा बैंकले आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा सुविधा प्राप्त गर्नका लागि ग्राहक ऋणी सम्बन्धी देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-१ (ख) को ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(क) ग्राहक ऋणीले पुनरकर्जा सुविधाको लागि पेश गरेको निवेदन,

(ख) लेखापरीक्षण गरिएको पछिल्लो दुई आर्थिक वर्षको वित्तीय विवरण,

(ग) पछिल्लो आ र्थिक वर्षको कर चुक्ता वा कर विवरण दाखिला प्रमाणपत्र,

(घ) ग्राहक ऋणी सम्बन्धी कर्जा सूचना केन्द्रको विवरण,

(ङ) कायम ब्याजदर देखिने System Generated Customer Liability Report,

(च) निर्यात पुनरकर्जा सुविधाको हकमा निर्यात सम्बन्धी देहाय वमोजिमका कागजातहरू :

(क) विगत वर्षहरूमा विदेश निर्यात गरी विदेशी मुद्रा आर्जन भएको पुष्टि हुने कागजात ,

(ख) स्थानीय श्रम,सीप तथा कच्चा पदार्थ प्रयोग भएको पुष्टि हुने कागजात ,

(ग) निर्यात व्यवसाय पुष्टि हुने कागजात ।

(छ) ग्राहक ऋणीले यस भन्दा अगाडि पुनरकर्जा सुविधा लिएको वा नलिएको सम्बन्धी विवरण ।

(ज) ग्राहक ऋणीले अन्य इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू मार्फत पुनरकर्जा सुविधाको लागि हाल निवेदन नदिएको सम्बन्धमा स्वघोषणा ।

(झ) रोजगारी सृजना, विदेशी मुद्रा आर्जन लगायत अर्थतन्त्रमा पुऱ्याएको योगदान सहितको उद्योग तथा व्यवसायको संक्षिप्त विवरण ।

(ञ) ग्राहक ऋणीले पुनरकर्जा सुविधा, सहुलियतपूर्ण कर्जा, व्यावसायिक निरन्तरता कर्जा तथा सरकारबाट प्रदान गरिने अन्य सहुलियतपूर्ण कर्जा प्राप्त नगरेको वा प्राप्त गरेको भए ५ वर्ष नपुगेको सम्बन्धमा स्वघोषणा ।

(३) पुनरकर्जा सुविधा प्रदान गर्ने आधारहरू :

बैंकले देहाय बमोजिमका कागजात तथा प्रक्रिया पुरा भए नभएको यकिन गरी पुनरकर्जा सुविधा स्वीकृतिको कारवाही अगाडि बढाउनु पर्नेछ :

(क) ग्राहक ऋणीको वित्तीय विवरण लगायतका कागजात पेश भए/नभएको,

(ख) ग्राहक ऋणीले पुनरकर्जा सुविधा प्राप्त गर्न पेश गरेको वित्तीय विवरण र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरेको विवरण रुजु भए/नभएको,

(ग) ग्राहक ऋणीको उद्योग तथा व्यवसायले अर्थतन्त्रमा पुऱ्याएको योगदान औचित्यपूर्ण रहे/नरहेको,

(घ) ग्राहक ऋणीको उद्योग तथा व्यवसायको वित्तीय अवस्थानुसार पुनरकर्जा सुविधाको ब्याजदरबाट प्राप्त हुने सहुलियत प्रदान गर्न उचित भए/नभएको,

(ङ) इजाजतपत्रप्राप्त संस्था तथा ग्राहक ऋणीको हकमा तोकिएका अन्य शर्त पालना भए/नभएको ।

(४) इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक प्रदेशमा कम्तिमा १० प्रतिशत ग्राहक पर्नेगरी पुनरकर्जा सुविधाको निवेदन पेश गर्नुपर्नेछ । साथै, निवेदन पेश गर्दा ऋणीको कर्जा वर्गीकरण, कर्जा प्रवाह मिति, कर्जा भुक्तान मिति र कर्जाको ब्याजदर स्पष्टरुपमा खुलाउनुको अतिरिक्त पुनरकर्जाको क्षेत्रगत वर्गीकरण र हाल उपयोग गरिरहेको पुनरकर्जा सुविधाको विवरण समेत अनुसूची-३ (क) र (ख) बमोजिम स्पष्टरुपमा किटान गर्नुपर्ने छ ।

(५) इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा सुविधाको लागि निवेदन दिँदा पुनरकर्जा सुविधाको लागि तोकिएका क्षेत्र भित्र रहेर मात्र निवेदन दिनु पर्नेछ । ग्राहक ऋणीको निवेदन बैंकले पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्न सक्नेछ । यसरी पुनरकर्जा स्वीकृत गर्नुपूर्व विभागले ग्राहक ऋणीको परियोजनाको स्थलगत अवलोकन समेत गर्न सक्नेछ ।

(६) स्वीकृत पुनरकर्जा रकम भुक्तानी हुनुअघि इजाजतपत्रप्राप्त संस्थाको अख्तियार प्राप्त अधिकारीले आवश्यक कागजात सहित तमसुक (अनुसूची-२(ख)) लगायतका सम्बन्धित कागजातमा हस्ताक्षर गर्नुपर्नेछ । यस्तो अख्तियारी इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कर्जा अधिकृत वा सो भन्दा माथिल्लो स्तरको कर्मचारीलाई प्रदान भएको हुनुपर्नेछ ।

(७) ग्राहक ऋणीलाई ब्याजदरको कारणबाट सहुलियत प्राप्त हुने हुँदा इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा सुविधाको निवेदन दिँदा सीमित ग्राहकलाई मात्र सहुलियत प्राप्त हुने गरी पुनरकर्जा माग गर्न पाइने छैन ।

## परिच्छेद-५
## पुनरकर्जा सुविधाको अनुगमन तथा निरीक्षण

### १४. पुनरकर्जा सुविधाको अनुगमन तथा निरीक्षणः

बैंकबाट प्रदान भएको पुनरकर्जा सुविधाको सदुपयोगिताको लागि देहायबमोजिम अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(१) इजाजतपत्रप्राप्त संस्थाको आन्तरिक लेखापरीक्षणले नियमितरूपमा पुनरकर्जाको अनुगमन र सदुपयोगिता निरीक्षण गर्नुपर्नेछ ।

(२) यस कार्यविधिबमोजिम प्रदान भएको पुनरकर्जाको अनुगमन वा निरीक्षण बैंकको सम्बन्धित सुपरिवेक्षण विभागले गर्नेछ ।

(३) बैंकले वा इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा सदुपयोगिताको निरीक्षण बाह्य लेखापरीक्षकबाट स्वतन्त्ररूपमा समेत गराउन सक्नेछ । त्यस्तो लेखापरीक्षण खर्च सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्नुपर्नेछ ।

(४) इजाजतपत्रप्राप्त संस्थाले अनुसूची-३(क), अनुसूची-३(ख) बमोजिमको विवरणका साथै अनुसूची-५ बमोजिमको पुनरकर्जा सुविधा सम्वन्धी विवरण सहितको अनुगमन तथा निरीक्षण प्रतिवेदन प्रत्येक ६-६ महिनामा यस विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६
## इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी

### १५. इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारीः

पुनरकर्जा सुविधा सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको जिम्मेवारी देहायबमोजिम हुनेछ ।

(१) सम्बन्धित ऋणीबाट निवेदन लिनुपूर्व पुनरकर्जा सुविधा, ब्याजदर, पुनरकर्जा अवधि आदिका बारेमा ऋणीलाई जानकारी गराउनुपर्नेछ ।

(२) यस कार्यविधिको वुँदा नं. १२(२) र १३(२) मा उल्लेख भए अनुसार ग्राहक ऋणीहरूबाट प्राप्त कागजातहरू रुजू गर्नुपर्नेछ ।

(३) पुनरकर्जाको लागि निवेदन दिने ऋणीहरूको योग्यता यस कार्यविधिको वुँदा नं. ११ बमोजिम भए नभएको यकिन गर्नुपर्नेछ । पुनरकर्जा सुविधाका लागि छनौटमा नपरेका ऋणीहरूको निवेदन कारणसहित फिर्ता गर्नुपर्नेछ ।

(४) ग्राहक ऋणीले इजाजतपत्रप्राप्त संस्थाहरू मार्फत पुनरकर्जा सुविधाको लागि आवश्यक कर्जा सीमा नाघ्ने गरी ऋण सुविधा उपयोग गरे नगरेको यकिन गर्नुपर्नेछ ।

(५) पुनरकर्जा सुविधाका लागि ऋणी छनौट गर्नुपूर्व पुनरकर्जा सुविधा माग गर्ने ग्राहक ऋणीलाई पुनरकर्जाबाट प्राप्त हुने सहुलियतको औचित्यता विश्लेषण गर्नुपर्नेछ । यस्तो सहुलियतले ग्राहक ऋणीको उद्योग तथा व्यवसायमा पुग्ने टेवा, व्यावसायिक निरन्तरता, रोजगारीको सुनिश्चितता आदिको मुल्याङ्कन गरी निवेदन संगै पेश गर्नुपर्नेछ ।

(६) पुनरकर्जा सुविधाको पहुँच अभिवृद्धि गर्न इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक प्रदेशबाट कम्तीमा १० प्रतिशत ऋणीहरूले यो सुविधा उपयोग गर्न पाउने गरी निवेदन पेश गर्नुपर्नेछ ।

(७) यस बैंकबाट स्वीकृत भइसकेको पुनरकर्जा सुविधा कुनै कारणबश गाहकले उपयोग गर्न नसक्ने अवस्था भएमा सोको जानकारी यथाशीघ्र सम्वन्धित ग्राहक तथा यस विभागलाई गराउनु पर्नेछ ।

(८) पुनरकर्जा सुविधा प्राप्तिपश्चात् कार्यविधिमा भएका कुनै प्रावधानबमोजिम ऋणी अयोग्य ठहरिएमा इजाजतपत्रप्राप्त संस्थाले यस बैंकलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-७
## पुनरकर्जा सुविधा सम्बन्धी अन्य व्यवस्था

१६. **पुनरकर्जा सुविधासम्बन्धी अन्य व्यवस्थाहरू:**

पुनरकर्जा सुविधा सम्बन्धमा देहायका थप व्यवस्थाहरू लागू हुनेछन् ।

(१) सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले तमसुकमा तोकिएको मितिमा पुनरकर्जा सुविधा भुक्तानी गर्नुपर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाहरूले चाहेमा तोकिएको भुक्तानी अवधिभन्दा अघि पुनरकर्जा सुविधा रकम चुक्ता गर्न सक्नेछन् ।

(३) पुनरकर्जा सुविधा प्राप्त गर्ने ग्राहक ऋणीहरूको प्रदेशगत तथा शाखागत नामावली सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक त्रयमास समाप्त भएको सात दिनभित्र आफ्नो वेबसाइटमार्फत सरोकारवालाको जानकारीका लागि प्रकाशित गर्नुपर्नेछ ।

(४) एकमुष्ट पुनरकर्जा सुविधा प्राप्त गर्ने ग्राहक ऋणीहरूको छनोट गर्दा न्यून आय भएका, व्यवसायमा स्थापित हुने प्रयासमा रहेका (स्टार्टअप उद्योग), सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक सीमान्तकृत, किसान र फरक ढङ्गले सक्षम व्यक्तिहरूबाट सञ्चालित उद्योग व्यवसायलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

(५) ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा सुविधाका लागि उद्योग व्यवसाय छनौट गर्दा उद्योग व्यवसायको आकार, मुनाफाको स्तर, अर्थतन्त्रमा गरेको योगदान, प्राकृतिक प्रकोप तथा महामारीबाट परेको प्रभाव, रोजगारी सिर्जना, कर भुक्तानीको अवस्था, पुनरकर्जा सुविधाबाट उद्योग तथा व्यवसाय विस्तार एवम् पुनरुत्थानमा पुग्ने योगदान समेतको आधारमा प्राथमिकीकरण गर्नुपर्नेछ ।

(६) पुनरकर्जा माग गर्दा पेश गरिएको ग्राहकऋणीको व्यवसाय, परियोजना, कारोबार, वित्तीय विवरण लगायतका विषय विश्लेषणबाट पुनरकर्जा प्रदान गर्न उपयुक्त नदेखिएमा बैंकले आंशिक वा पूर्ण रूपमा पुनरकर्जा सुविधा प्रदान गर्न इन्कार गर्न सक्नेछ ।

(७) पुनरकर्जा सुविधा प्राप्तिपश्चात् कार्यविधिमा भएका कुनै प्रावधान वमोजिम ऋणी अयोग्य ठहरिएमा प्रदान भईसकेको पुनरकर्जा सुविधा रद्द गरी दिईएको व्याज सहुलियत सम्बन्धित इजाजतपत्रप्राप्त संस्थावाट असूलउपर गरिनेछ ।

## परिच्छेद-८
## दण्ड तथा जरिवाना

१७. **दण्ड तथा जरिवाना:**

यस कार्यविधि अनुसार प्रदान गरिएको पुनरकर्जा सुविधाका सम्बन्धमा देहायबमोजिम दण्ड, जरिवाना लगाउन सकिनेछ ।

(१) पूर्वनिर्धारित मितिमा पुनरकर्जा रकमको साँवा/ब्याज असुल उपर हुन नसकेमा असूल उपर हुन नसकेको अवधिको लागि यस कार्यविधिको बुँदा न. ६ मा उल्लिखित ब्याजदरको सट्टा प्रचलित बैंकदरको दोब्बर दर (वार्षिक) ले हुन आउने ब्याज लाग्नेछ । उक्त ब्याज यस बैकले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको यस बैंक स्थित खाता खर्च (डेबिट) गरी असुल उपर गर्नेछ ।

(२) कुनै इजाजतपत्रप्राप्त संस्थाले यस कार्यविधिमा उल्लेख भएबमोजिमका जिम्मेवारीहरू पुरा नगरेमा बैंकले नेपाल राष्ट्र बैंक ऐन २०५८ बमोजिमको कारवाही गर्न सक्नेछ ।

(३) यस कार्यविधि अनुसार दण्ड तथा जरिबाना पाएका इजाजतपत्रप्राप्त संस्थाहरू दण्ड तथा जरिबाना पाएको मितिले छ महिनासम्म पुनरकर्जा सुविधाका लागि निवेदन दिन योग्य हुने छैनन् ।

१८. **बाधा अड्काउ फुकाउः**

यस कार्यविधि अनुसार कार्यसम्पादन गर्दा कुनै बाधा अड्चन आएमा गभर्नरले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **बचाउः**

यो कार्यविधि लागू हुनुभन्दा पहिले भएका पुनरकर्जा सम्बन्धी काम कारवाही यसै कार्यविधि अनुसार भए/गरेको मानिनेछ ।

***

**अनुसूची-१ (क)**
**बुँदा नं. १२ को उपबुँदा ४ सँग सम्बन्धित**

**मितिः ............./......./.....**

**श्री नेपाल राष्ट्र बैंक**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग ।**

**विषयः एकमुष्ट पुनरकर्जा प्रदान गर्ने सम्वन्धमा ।**

महाशय,

त्यस बैंकबाट प्रदान हुने पुनरकर्जा सुविधाका लागि देहाय बमोजिमको कर्जा विवरण यसै निवेदन साथ संलग्न गरी पेश गरेका छौं । देहाय बमोजिमका कर्जाहरू विद्यमान, ऐन, नियम, नेपाल राष्ट्र बैंकको निर्देशन र संस्थाको कर्जा नीति एवम् मार्गदर्शनको परिधिभित्र रही प्रवाह भएको व्यहोरा प्रमाणित गर्दै संलग्न कर्जाहरूका लागि पुनरकर्जा माग गर्ने निर्णय सञ्चालक समितिबाट भएको व्यहोरा समेत अनुरोध गर्दछु ।

भवदीय,

(प्रमुख कार्यकारी अधिकृत)
इजाजतपत्रप्राप्त संस्थाको नाम र ठेगाना

## एकमुष्ट पुनरकर्जा आवेदन

*(रकम रु)*

| क्र.सं. | शाखा कोड | शाखाको नाम | ऋणीको नाम | प्रदेश | जिल्ला | स्थानिय तह | वडा नं. | कारोवार मिति (दिन/महिना/साल) | क्षेत्रगत कोड | उप क्षेत्रगत कोड | प्रयोजन अनुसारको कर्जाको कोड | कर्जाको प्रकार | स्वीकृत सीमा | बक्यौता रकम | तिर्न बाँकी साँवा | भुक्तानी मिति ( दिन/महिना/साल) | पुनरकर्जाको क्षेत्र | कर्जा वर्गिकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | | | | | | | | | | |

## एकमुष्ट पुनरकर्जाको सारांश

| प्रदेश | क्षेत्रगत पुनरकर्जा (रु.) | | | | | कुल रकम | प्रदेशगत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|
| | लघु,घरेलु तथा साना उद्यम | कृषि तथा अन्य उत्पादनशील | निर्यात | प्राकृतिक प्रकोप/महामारी प्रभावित उद्योग व्यवसाय | विशेष | | |
| प्रदेश | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कुल रकम | | | | | | | |
| क्षेत्रगत हिस्सा ( प्रतिशतमा) | | | | | | | |

**अनुसूची-१ख**

**बुँदा नं. १३ को उपबुँदा २ सँग सम्बन्धित**

मितिः ............./......./.....

**श्री नेपाल राष्ट्र बैंक**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग ।**

**विषयः ग्राहक ऋणी अनुसार पुनरकर्जा प्रदान गर्ने सम्वन्धमा ।**

महाशय,

त्यस बैंकबाट प्रदान हुने पुनरकर्जा सुविधाका लागि यस बैंक/विकास बैंक/वित्त कम्पनीको ऋणी ............... बाट ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जा माग भएको हुँदा विद्यमान ऐन, नियम, नेपाल राष्ट्र बैंकको निर्देशन र संस्थाको कर्जा नीति एवम् मार्गदर्शनको परिधिभित्र रही प्रवाह भएको व्यहोरा प्रमाणित गर्दै ऋणी .......... नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (छैटौं संशोधन सहित) अनुसार योग्य रहेकोले पुनरकर्जाको लागि सिफारिस सहित अनुरोध गर्दछु ।

साथै, ऋणीले यस अघि वित्तीय प्रणालीबाट देहाय बमोजिमको पुनरकर्जा सुबिधा उपयोग गरेको देखिन्छ ।

यस अघि पुनरकर्जा लिएको विवरण

ऋणीको नामः ... ... ... ... ... ... ... ... ... ... ...

| क्र.सं. | पुनरकर्जा प्राप्त गर्ने इजाजतपत्रप्राप्त संस्था | पुनरकर्जा प्राप्त मिति | पुनरकर्जा भुक्तानी मिति | रकम रु. | पुनरकर्जाको किसिम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

भवदीय,

(प्रमुख कार्यकारी अधिकृत)
इजाजतपत्रप्राप्त संस्थाको नाम र ठेगाना

## ग्राहक ऋणीअनुसार प्रदान गरिने पुनरकर्जा आवेदन

*(रकम रु)*

| क्र.सं. | शाखा कोड | शाखाको नाम | ऋणीको नाम | प्रदेश | जिल्ला | स्थानिय तह | वडा नं. | कारोवार मिति (दिन/महिना/साल) | क्षेत्रगत कोड | उप क्षेत्रगत कोड | प्रयोजन अनुसारको कर्जाको कोड | कर्जाको प्रकार | स्वीकृत सीमा | बक्यौता रकम | तिर्न बाँकी साँवा | भुक्तानी मिति ( दिन/महिना/साल) | पुनरकर्जाको क्षेत्र | कर्जा वर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | कुल जम्मा | | | | | | | | | | | | | | | | | | |

## ग्राहक ऋणीअनुसार प्रदान गरिने पुनरकर्जाको सारांश

| प्रदेश | क्षेत्रगत पुनरकर्जा (रु.) | | | | | कुल रकम | प्रदेशगत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|
| | लघु,घरेलु तथा साना उद्यम | कृषि तथा अन्य उत्पादनशील | निर्यात | प्राकृतिक प्रकोप/महामारी प्रभावित उद्योग व्यवसाय | विशेष | | |
| प्रदेश | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कुल रकम | | | | | | | |
| क्षेत्रगत हिस्सा ( प्रतिशतमा) | | | | | | | |

## अनुसूची-२ (क)

## बुँदा नं. १२ को उपबुँदा ७ संग सम्बन्धित

## पुनरकर्जा तमसुकको नमूना
## (एकमुष्ट पुनरकर्जा प्रदान गरिनेको हकमा)

लिखितम धनीका नाम का.जि. का.म.न.पा. वडा नं... ... स्थित नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग आगे ....... जिल्ला...........पालिका..............वडा नं..... मा केन्द्रीय कार्यालय रहेको ऋण लिने ऋणीको नाम .................. बैंक/वित्तीय संस्था लिमिटेडलाई नेपाल राष्ट्र बैंकले पुनरकर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकबाट आजका मितिमा रु. ............ ..........(अक्षरेपी ................................................ .............. मात्र) कर्जा लिएको ठीक साँचो हो । उक्त कर्जा लिएको रकम वापत ऋणीले आफ्नो संलग्न बमोजिमको ग्राहक/ऋणीलाई प्रवाह गरेको कर्जा मध्ये संलग्न विवरण अनुसारको एकमुष्ट कर्जा र पुनरकर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुक धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमको धितो सुरक्षणमा राखिएको कर्जाको विवरण तथा शर्तहरू ठीक साँचो हो । यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समयसमयमा तोकेको शर्त/मापदण्ड पालना गर्नेछौँ । शर्तहरू पालना नगरेमा उक्त धितो तथा .....(इजाजतपत्रप्राप्त संस्थाको नाम) ..... को अन्य चल-अचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग, ............, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

तपसिल

**क. धितोको विवरण :**

| परियोजना वा ऋणीको नाम | धितो सुरक्षणमा राखिएको कर्जा |
|---|---|
| यस पुनरकर्जा उपभोग गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको ग्राहकहरू/ऋणीहरू | संलग्न विवरण बमोजिमका ग्राहकहरूको सम्पूर्ण चल अचल सम्पत्ति |

**ख. शर्तहरू:**

१. ... ... ... ... अवधिका लागि मात्र यो पुनरकर्जा सुविधा प्रदान गरिएको छ ।

२. पुनरकर्जा वापत नेपाल राष्ट्र बैंकलाई वार्षिक ..... प्रतिशतका दरले ब्याजसहित एकमुष्ट रुपमा साँवा ब्याज बुझाउनु पर्नेछ ।

३. सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा प्राप्त गर्ने आफ्ना ग्राहक ऋणीलाई बढीमा ... प्रतिशत सम्म ब्याज कायम गर्नुपर्नेछ । यस्तो ब्याजदर पुनरकर्जा वापतको रकम उपयोग भएसम्म कायम हुनेछ ।

४. पूर्वनिर्धारित समयभित्र पुनरकर्जा रकमको साँवा/ब्याज भुक्तान नगरेमा असूल उपर हुन नसकेको अवधिको लागि प्रचलित बैंकदरको दोब्बर दर (वार्षिक) ले हुन आउने ब्याज लाग्नेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको खाता खर्च (डेबिट) गरी उक्त रकम असुल उपर गर्नसक्नेछ ।

५. पुनरकर्जा उपभोग गरेका इजाजतपत्रप्राप्त संस्थाहरूले साँवा/ब्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुल उपर गरी लिन र सोको खर्च गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई रहनेछ । यसमा पछि कुनै उजुरी वा दाबी लाग्ने छैन ।

६. धितोको रुपमा नेपाल राष्ट्र बैंकलाई दिइएको तमसुकमा उल्लिखित कर्जाको जोखिम लगायत सबै जिम्मेवारी ..... (इजाजतपत्रप्राप्त संस्थाको नाम)..... कै हुनेछ ।

७. ऋणी .....(इजाजतपत्रप्राप्त संस्थाको नाम)..... ले धितो स्वरुप राखेको तमसुकमा उल्लेख भएको ग्राहकको चलअचल सम्पत्ति र नेपाल राष्ट्र बैंकबाट कर्जा लिई लगानी गरेको उद्योग तथा व्यवसाय समेतको नेपाल राष्ट्र बैंक वा बैंकको प्रतिनिधिले जुनसुकै बखत निरीक्षण गर्दा उपलब्ध गराउनु वा देखाउनुपर्नेछ ।

८. पुनरकर्जा सुविधाको सम्बन्धमा समयसमयमा मागेको विवरण तोकिएको बखत म्यादभित्र ऋणी ............ (इजाजतपत्रप्राप्त संस्थाको नाम)..... ले नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनुपर्नेछ ।

९. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दाबी (First Charge) नेपाल राष्ट्र बैंकको हुनेछ ।

१०. ऋण प्रयोग सम्बन्धमा ऋणीले यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । सोबमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार सजाय भएमा मञ्जुरी छ ।

११. यस तमसुकको शर्त र मापदण्डमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

| | |
|---|---|
| नेपाल राष्ट्र बैंकको तर्फबाट अख्तियार प्राप्त व्यक्ति | (इजाजतपत्रप्राप्त संस्थाको नाम)... को तर्फबाट अख्तियारप्राप्त व्यक्ति |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : छापः | पद : छाप : |
| विभाग/कार्यालय : | विभाग/कार्यालयः |

इति सम्बत् .......... साल ........... महिना ..........गते रोज .......... शुभम् ।

## अनुसूची-२ (ख)

## बुँदा नं. १३ को उपबुँदा ६ संग सम्बन्धित

## पुनरकर्जा तमसुकको नमूना

### (ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जाको हकमा)

लिखितम धनीका नाम का.जि. का.म.न.पा. वडा नं... ... स्थित नेपाल राष्ट्र बैंक, बैकिङ विभाग आगे .......पालिका..............वडा नं..... मा केन्द्रीय कार्यालय रहेको ऋण लिने ऋणीको नाम ..........जिल्ला........... बैंक/वित्तीय संस्था लिमिटेडलाई नेपाल राष्ट्र बैंकले पुनरकर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकबाट आजका मितिमा रु. ........... ..........(अक्षरेपी ................................................ ............. मात्र) कर्जा लिएको ठीक साँचो हो ।

उक्त पुनरकर्जा लिएको रकम वापत ऋणीले आफ्नो निम्न बमोजिमको ग्राहक/ऋणीलाई प्रवाह गरेको कर्जामध्ये संलग्न विवरण अनुसारको कर्जा र पुनरकर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुक पुनरकर्जा सुविधाको लागि धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमको धितो सुरक्षणमा राखिएको कर्जाको विवरण साँचो हो । यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समयसमयमा तोकेको शर्त तथा मापदण्ड पालना गर्नेछौं । शर्त तथा मापदण्डहरू पालना नगरेमा उक्त धितो तथा ऋणी बैंकको अन्य चलअचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी ...... (इजाजतपत्रप्राप्त संस्थाको नाम)......... को सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग, ............., काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंक समक्ष बुझायौं ।

**तपसिल**

**क. धितोको विवरण**

| परियोजनाको नाम | धितो सुरक्षणमा राखिएको कर्जाको विवरण | नेपाल राष्ट्र बैंकबाट प्राप्त पुनरकर्जा |
|---|---|---|
| | | |

**ख. शर्तहरू:**

१. ... ... ... ... अवधिका लागि मात्र यो पुनरकर्जा सुविधा प्रदान गरिएको छ ।

२. पुनरकर्जावापत नेपाल राष्ट्र बैंकलाई वार्षिक ..... प्रतिशतका दरले ब्याजसहित एकमुष्ट रुपमा साँवा ब्याज बुझाउनुपर्नेछ ।

३. सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले पुनरकर्जा प्राप्त गर्ने आफ्ना ग्राहक ऋणीलाई बढीमा ... प्रतिशत सम्म ब्याज कायम गर्नुपर्नेछ । यस्तो ब्याजदर पुनरकर्जावापतको रकम उपयोग भएसम्म कायम हुनेछ ।

४. पूर्वनिर्धारित समयभित्र पुनरकर्जा रकमको साँवा/ब्याज भुक्तान नगरेमा असूल उपर हुन नसकेको अवधिको लागि प्रचलित बैंकदरको दोब्बर दर (वार्षिक) ले हुन आउने ब्याज लाग्नेछ । नेपाल राष्ट्र बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको खाता खर्च (डेबिट) गरी उक्त रकम असुल उपर गर्नसक्नेछ ।

५. पुनरकर्जा उपभोग गरेका इजाजतपत्रप्राप्त संस्थाहरूले साँवा/ब्याज भुक्तानी म्याद समाप्त भएको दिनसो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुल उपर गरी लिन र सोको खर्च गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई रहने छ। यसमा पछि कुनै उजुरी वा दाबी लाग्नेछैन।

६. धितोको रुपमा नेपाल राष्ट्र बैंकलाई दिइएको तमसुकमा उल्लिखित कर्जाको जोखिमलगायत सबै जिम्मेवारी ..... (इजाजतपत्रप्राप्त संस्थाको नाम)..... कै हुनेछ।

७. ऋणी .....(इजाजतपत्रप्राप्त संस्थाको नाम)..... ले धितो स्वरुप राखेको तमसुकमा उल्लेख भएको ग्राहकको चलअचल सम्पत्ति र नेपाल राष्ट्र बैंकबाट कर्जा लिई लगानी गरेको उद्योग तथा व्यवसाय समेतको नेपाल राष्ट्र बैंक वा बैंकको प्रतिनिधिले जुनसुकै बखत निरीक्षण गर्दा उपलब्ध गराउनु वा देखाउनुपर्नेछ।

८. पुनरकर्जा सुविधाको सम्बन्धमा समयसमयमा मागेको विवरण तोकिएको बखत म्यादभित्र ऋणी ..... (इजाजतपत्रप्राप्त संस्थाको नाम)................ ले नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनुपर्नेछ।

९. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दावी (First Charge) नेपाल राष्ट्र बैंकको हुनेछ।

१०. ऋण प्रयोग सम्बन्धमा ऋणीले यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। सोबमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार सजाय भएमा मञ्जुरी छ।

११. यस तमसुकको शर्त र मापदण्डमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले परिमार्जन वा संशोधन गर्नसक्नेछ।

| नेपाल राष्ट्र बैंकको तर्फबाट अख्तियार प्राप्त व्यक्ति | | (इजाजतपत्रप्राप्त संस्थाको नाम). को तर्फबाट अख्तियार प्राप्त व्यक्ति | |
|---|---|---|---|
| दस्तखत : | | दस्तखत : | |
| नाम : | | नाम : | |
| पद : | छापः | पद : | छाप : |
| विभाग/कार्यालय : | | विभाग/कार्यालयः | |

इति सम्वत् .......... साल ........... महिना ..........गते रोज .......... शुभम्।

अनुसूची-३ (क)

बुँदा नं. १३ को उपबुँदा ४ सँग सम्बन्धित

**इजाजतपत्रप्राप्त संस्थाले उपयोग गरिरहेको पुनरकर्जा सम्बन्धी विवरण**

| क्र.सं. | ऋणीको नाम | पुनरकर्जाको प्रकार (एकमुष्ट/ग्राहक ऋणी अनुसार) | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | भुक्तानी मिति | कर्जा वर्गीकरण | कर्जा रकम रु. | सुरक्षणको विवरण | पुनरकर्जाको क्षेत्रगत विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | **जम्मा** | | | | | | |

माथि उल्लिखित विवरणहरू ठीक साँचो हो, झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला । कथंकदाचित धितोमा राखेको असल कर्जाहरू निष्क्रिय कर्जामा परिणत भए सोको जानकारी नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराई सोको सट्टामा अर्को असल कर्जा सुरक्षणस्वरुप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

... ... ... ... ... ... ... **बैंक/वित्तीय संस्थाको तर्फबाट**

**दस्तखतः** ... ... ...

**नामः** ... ... ... ... ... ... ... ...

**पदः** ... ... ... ... ... ...

**छापः** ... ...

**विभाग/कार्यालयः** ... ...

**अनुसूची-३ (ख)**

**बुँदा नं. १३ को उपबुँदा ४ सँग सम्बन्धित**

**<u>इजाजतपत्रप्राप्त संस्थाले उपयोग गरिरहेको पुनरकर्जा सम्बन्धी विवरण</u>**

| प्रदेश | | पुनरकर्जाको क्षेत्र | | | | | कुल रकम रु. | प्रदेशगत हिस्सा (%) |
|---|---|---|---|---|---|---|---|---|
| | एकमुष्ट पुनरकर्जा रकम | ग्राहक ऋणी अनुसार प्रवाह भएको पुनरकर्जा रकम | | | | | | |
| | | लघु,घरेलु तथा साना उद्यम | कृषि तथा उत्पादनशील क्षेत्र | निर्यात | प्रकृतिक प्रकोप/महामारी प्रभावित उद्योग व्यवसाय | विशेष | | |
| प्रदेश | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **कुल रकम** | | | | | | | | |
| **क्षेत्रगत हिस्सा (%)** | | | | | | | | |

माथि उल्लिखित विवरणहरू ठीक साँचो हो, झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

… … … … … … … **बैंक/वित्तीय संस्थाको तर्फबाट**

**दस्तखतः** … … …

**नामः** … … … … … … … …

**पदः** … … … … … …

**छापः** … …

**विभाग/कार्यालयः** … …

## अनुसूची-४

## बुँदा नं. ५ सँग सम्बन्धित

### खण्ड (क) कृषि, वनजन्य उत्पादन तथा सोमा आधारित उद्योग

१. फलफूल खेती वा फलफूल प्रशोधन,
२. खाद्यवस्तु उत्पादन, प्रशोधन तथा भण्डारण,
३. दलहन तथा तेलहन उत्पादन, प्रशोधन तथा भण्डारण
४. पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र ह्याचरी (चल्ला काड्ने) व्यवसाय र अण्डा तथा मासु उत्पादन तथा प्रशोधन,
५. दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग (दूधका परिकार उत्पादन समेत),
६. पशुपंक्षी तथा माछाका लागि दाना उत्पादन
७. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,
८. कृषि उपज प्रमुख कच्चापदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,
९. रेशम खेती तथा रेशम प्रशोधन,
१०. चिया बगान, चिया प्रशोधन,
११. कफी खेती, कफी प्रशोधन,
१२. जडिबुटी खेती, जडिबुटी प्रशोधन,
१३. बिजन उत्पादन तथा प्रशोधन,
१४. तरकारी खेती, तरकारी प्रशोधन,
१५. हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन,
१६. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),
१७. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत) तथा पुष्पजन्य व्यवसाय,
१८. नर्सरी व्यवसाय, बनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत)
१९. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,
२०. शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन,
२१. सामुदायिक, कबुलियति, साझेदारी र निजी वन तथा कृषि बनको स्थापना र व्यवस्थापन, अन्य गैर काष्ठजन्य वन पैदावार,
२२. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, जुट, अलैंची, अदुवा, केशर, तेलहन मसलावाली, दलहन आदि तथा तिनको बीउ उत्पादन),
२३. वेत, बाँस खेती र वेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरू,
२४. सः मिल, फर्निचर लगायत काष्ठ उद्योग,
२५. पार्केटिङ सिजनिङ ट्रिटमेण्ट प्लाण्ट प्लाइउड, कम्पोजिट, बोर्ड जस्ता काष्ठजन्य उद्योग,
२६. कागज, रेजिन लगायत अन्य गैर काष्ठजन्य बन पैदावारमा आधारित उद्योग,
२७. च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर), एग्रोफरेष्ट,
२८. कपास खेती कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन गर्ने,
२९. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन तथा प्रशोधन गर्ने
३०. चिनी तथा सख्खर उत्पादन गर्ने उद्योग

३१. एलोपेथिक, आयुर्वेदिक वा पशुपंक्षीको औषधि उत्पादन गर्ने उद्योग

३२. कागज, पल्प पेपर उत्पादन गर्ने उद्योग

**खण्ड (ख) सेवा तथा व्यवसायहरू**

१. व्यावसायिक रुपमा गरिने पशु चिकित्सा सेवा

२. स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरूलाई लिक्विड अक्सिजन प्लाण्ट तथा अक्सिजन प्लाण्ट स्थापना गर्न तथा नेपाल सरकारबाट महामारी जन्य रोगको उपचारको लागि मान्यता प्राप्त खोप उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रदान गरिएको कर्जाहरू

३. फोहोरमैला संकलन, सरसफाइ तथा प्रशोधन गर्ने व्यवसायहरू

४. कृषि औजार तथा यन्त्र उत्पादन

५. रासायनिक तथा अर्गानिक मल उत्पादन गर्ने उद्योग

६. युवाद्धारा प्रर्वधित उत्पादनमूलक स्टार्टअप उद्योग

७. विदेशी मुद्रा आर्जन गर्ने गरी स्थापना भएका सेवामूलक सफ्ट्वेयर व्यवसाय

अनुसूची-५

बुँदा नं. १४ को उपबुँदा नं. ४ सँग सम्बन्धित

नेपाल राष्ट्र बैंक
... ... ... ... ... ... सुपरिवेक्षण विभाग
काठमाडौं ।

मिति ... .. ...

## पुनरकर्जाको अर्धवार्षिक विवरण

कर्जाको विवरण

| क्र. स | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा भाखा नाघ्ने मिति | कर्जाको बक्यौता | पुनरकर्जाको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनरकर्जाको प्रकार | पुनरकर्जाको क्षेत्रगत विवरण | लिएको मिति | रकम रु. (लाखमा) | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

६-६ महिनामा पेश गर्ने ।

... ... ... ... ... ... ... बैंक/वित्तीय संस्थाको तर्फबाट

दस्तखतः ... ... ...

नामः ... ... ... ... ... ... ... ...

पदः ... ... ... ... ... ...

छापः ... ...

विभाग/कार्यालयः ... ...

**बोधार्थ :** बैंक तथा वित्तीय संस्था नियमन विभाग
केन्द्रीय कार्यालय, काठमाडौं ।